# जागरुक उपभोक्ता ! जिम्मेवार बिक्रेता !!

- गुणस्तरीय बस्तु तथा सेवा प्राप्त गर्नु उपभोक्ताको अधिकार हो प्रवाह गर्नु बिक्रेताको कर्तव्य ।
- बिना भेदभाव वस्तु वा सेवा खरिद गर्नु पाउनु उपभोक्ताको अधिकार हो प्रवाह गर्नु बिक्रेताको कर्तव्य ।
- आफुले प्रदान गर्ने बस्तु वा सेवाको नाम र सोको मूल्यसूची स्पष्ट रुपमा सबैले देख्ने ठाउँमा राख्नु बिक्रेताको कर्तव्य हो, हेर्न पाउनु उपभोक्ताको अधिकार ।
- वस्तु वा सेवा खरिद गर्दा भुक्तानी गरेको मूल्य बराबरको बिजक प्राप्त गर्नु क्रेताको अधिकार हो, आफुले प्राप्त गरेको रकम बराबरको बिजक जारी गर्नु बिक्रेताको कर्तव्य ।
- खरिद गर्न चाहेको वस्तु वा सेवाको मूल्य परिमाण, शुद्धता र गुणस्तर बारेमा सूचित हुन पाउने उपभोक्ताको अधिकार हो, त्यस्तो क्षतिपूर्ति दिनु बिक्रेताको कर्तव्य ।
- वस्तु वा सेवाको प्रयोगबाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ति पाउने उपभोक्ताको अधिकार हो, त्यस्तो क्षतिपूर्ति दिनु बिक्रेताको कर्तव्य ।
- खरिद विक्री गरिने वस्तुमा उत्पादन मिति तथा उपभोग्य मिति उल्लेख छ छैन ख्याल गरौ ।
  उपभोग्य मिति समाप्त भैसकेको वस्त विक्री गर्नु कानून बमोजिम दण्डनीय अपराध हो ।
- बजारमा कुनै पनि वस्तुमा कृत्रिम अभाव सिर्जना गर्नु कानून बमोजिम दण्डनीय अपराध हो ।
- अनुचित मुनाफा राखी वस्तु तथा सेवा विक्री गर्नु कानून बमोजिम दण्डनीय अपराध हो ।
- खाद्य पदार्थलाई आकर्षक देखाउन अखाद्य रङ्ग वा पदार्थको प्रयोग गर्नु कानून बमोजिम दण्डनीय अपराध हो ।

उपभोक्ता हित विपरित कुनै कार्य भएको थाहा भएमा नागरिक खबरदारी गरौ, सोको आधार प्रमाण सहित वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण बिभाग (https://ermis.doc.gov.np टोलफ्री नं ११३७) वा जिल्ला प्रशासन कार्यालय सिन्धुपाल्चोक (Email:- daosindhupalchok@gmail.com daochautara@gmail.com तथो फोन नं ०११-६२०१३३) वा सम्बन्धित स्थानीय तहमा उजुरी दिई उपभोक्ता हितको संरक्षण गरौ ।

उपभोक्ता हित संरक्षण अभियानमा

मेरो सहकार्य ! तपाईको सहकार्य !! हामी सबैको सहकार्य !!!

**नेपाल सरकार**
**गृह मन्त्रालय**
**जिल्ला प्रशासन कार्यालय**
**चौतारा, सिन्धुपाल्चोक**

**नेपाल सरकार उद्योग**
**वाणिज्य तथा आपूर्ति मन्त्रालय वाणिज्य,**
**आपूर्ति तथ उपभोक्ता संरक्षण विभाग**
**बबरमहल, काठमाडौं**